# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-४ | अंक-९ | २०७६ असोज ०१ गते बुधबार | 18 September 2019 Wednesday | मूल्य रू. १०/-



भष्ट्राचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं ।

घुस लिने दिने दुवै उतिकै दोसि हुन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## प्रकृतिले कुदेको छ नेपालको नक्सा

मिसन न्यूज
कालिकोट

झट्ट हेर्दा नेपालको नक्सा देखिन्छ । यो नक्सा कुनै मानव जातिले बनाएको आफै हैन । वरीपरीको हरियाली बातावरण, चट्टानमा सुन्दर नेपालको नक्सा देख्दा पैदल यात्रु होस या सवारी साधनमा यात्रा गर्ने जो कोही एकचोटी उभिएर तस्विर खिचेर जान्छन् । जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं.६ सेराको माथि पट्टीको चट्टानमा नेपालको नक्सा बनेको छ । माथिबाट सडक निर्माण हुँदा बगेको माटो र ढुंगाले अहिले नक्साको केही भाग छेकिएको छ ।

यसलाई पुनः संरक्षण गर्न खाँडाचक्र नगरपालिकाले आर्थिक वर्ष २०७६र०७७ मा ५ लाख रकम विनियोजन गरेको खाँडाचक्र नगरपालिका उप प्रमुख विजया विष्टले बताईन । जिल्लामा पर्यटक भिक्रयाउन सफल मध्य तथा सुदर पश्चिममा लुकेका तर कसैले नभेटाएका पर्यटकिय स्थलहरु धेरै छन् । एसियाकै सवै भन्दा अग्लो पचालझरना, तिलागुफा, बडिमालिका, चुलिमालिका, साँघुमेला, तिलाकर्णाली दोभान, युद्ध पर्यट्किय क्षेत्र पिली, भर्ताको लेखमा रहेको काइनेट खानी, महावु लेख जस्ता पर्यटयिक स्थल हेर्न आउनेहरुको संख्यामा


कालिकोट खाँडाचक्रको सेरामा देखिने नेपालको नक्सा जस्तै ढुङ्गा । तस्विर : मिसन न्यूज

दिन प्रतिदिन बृद्धि हुदैछ । स्वर्गकी अप्सरा भनेर चिनिने राराताल जाँदा बाटोमै पर्ने प्राकृतिक सम्पती नेपालको नक्सा हेर्न आउनेहरुको लक्ो लाग्ने स्थानियले बताएका छन् । चट्टानमा देखिने नेपालको नक्सा र पछाडी पट्टी देखिने खाली ठाउँ भारत र चिन रहेको स्थानिय बृद्धवृद्धाहरुले बताउने गरेका छन् । यो नक्सामा थुप्रीएको माटो र ढुंगालाई पन्छाउदै अव नगरपालिकाले रङ रोगन गरेर अगाडी बढ्ने प्रमुख प्रशासकिय अधिकृत कासी प्रसाद पंगेनीले बताए । खाँडाचक्र नगरपालिका प्रमुख जसिप्रसाद पाण्डेले भने 'अव पर्यटकहरुको घुइचो लाग्छ,कालीकोटलाई नेपालको नक्सा रहेको ठाउ ँभनेर अव सिंगो नेपालले चिन्छ ।' उनले भने 'पचालझरना, राराताल हेर्न आउनेहरु अवश्य पनि नेपालको नक्सा हेरेर जानेछन् ।' करिव ६ सय मिटर लम्बाई र ३०० मिटर चौडाईमा रहेर बनेको नेपालको नक्सा अवको केही दिनमा काम शुरु गरी तत्काललै नगरपालिकाले पर्यटयिक क्षेत्र घोषण गर्ने भएको छ ।

## संवेदनशील छ कर्णाली प्रदेश : भण्डारी

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारीले कर्णालीको विकासमा सरकार संवेदनशील रहेको बताउनुभएको छ । कर्णाली प्रदेशसभाको बिहीबार बसेको २८औं बैठकमा उहाँले यहाँको विकास र समृद्धिका लागि



प्रदेश सरकार अनवरत लागि परेको जनाउनु भयो । 'प्रदेश सरकारले निर्दिष्ट योजनाको गन्तव्यमा पुग्न भरमग्दुर प्रयास गरिरहेका छ', मन्त्री भण्डारीले भन्नुभयो, 'सरकारले गत आव यस प्रदेशका बाढीपीडितहरुको व्यवस्थापन गर्नुका साथै जोखिममा परेका यहाँका महिला तथा पुरुषहरुलाई हेलिकप्टरबाट उद्धारका राहत वितरण गरेको थियो ।' कर्णाली राजमार्गको दुर्दशाका विषयमा प्रदेश सरकारको ध्यानाकर्षण भएको जनाउँदै उहाँले भन्नुभयो, 'यो राजमार्गमा धेरै पुल अझै बनेका छैनन् । पुल निर्माणमा गैरजिम्मेवार बन्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राखेर कारवाहीका लागि सङ्घीय सरकारलाई सिफारिस गर्छौं ।' सोही सन्दर्भमा उहाँले प्रदेश प्रहरी गठन भएपश्चात् यहाँको मुख्य समस्याका

बाँकी ८ पेजमा.....

## न्याय पाउँन कठिन जातिय मुद्दामा : पीडित

मिसन न्यूज
कालीकोट

चुल्हो छोएको निहुँमा केही वर्षअघि जुविथाका मनवीरे सुनारको हत्या भयो । थिर्पुमा धारा छोएको निहुँमा गतवर्ष एक दलितमाथि सार्वजनिक स्थलमै अभद्र व्यवहार गर्दै गाग्री तोडफोड गरियो । केही दिनअघि खाँडाचक्र नगरपालिका-६ का वडाध्यक्ष जगदीश शाहीले आफ्नो ब्रत छ, भन्दै दलित जनप्रतिनिधिहरूसँग हात मिलाउन मानेनन् । जिल्लामा दलितमाथि जातीय विभेदका घटना बढ्दै गए पनि पीडितले भने न्याय पाउन सकेका छैनन् ।

अधिकांश यस्ता घटना गाउँमै मिलाउने चलनले मुद्दाको रूपमा बाहिर आउन सक्दैनन् । आर्थिक अवस्था कमजोर हुनुका साथै समाजबाट बिहिस्कृत हुने त्रासका कारण स्वयं पीडित पनि अदालतसम्म न्यायका लागि पुग्न सक्दैनन् । जातीय विभेदका मुद्दागाउँमै बसेर छलफल गरी मिलाउने, पीडितलाई धम्की दिने, प्रलोभनमा पार्ने जस्ता कारणले जातीय विभेदका मुद्दामा अदालतमा पुगेपछि पीडित बयान फेर्न बाध्य


जातीय विभेदमा कुटिएका डिल्ली कामी (बीचमा) र उनका आफन्त ।

हुन्छन् । नरहरीनाथ गाँउपालिका-१ गणेशपुरका डिल्ली कामी गएको पुस १७ गते स्थानीय चने विष्ट र नरेन्द्र विष्टद्वारा कुटिए । तर मुद्दा अदातलमा पुगेपछि स्वयं पीडित कामीले अभियुक्तसँगको मिलोमतोमा मुद्दा फिर्ता लिए । यो मुद्दा जिल्लामै पहिलो जातीय विभेद तथा छुवाछुत अर्न्तगत दर्ता भएको थियो । मुद्दामाथि बहस चल्ने क्रममा पीडित डिल्लीले 'जातीय विभेद सम्बन्धी प्रतिवादीहरूले कसुर गरेका होइनन्, रिसको आवेकमा मैले मुद्दा दिएको हुँ' भन्दै बयान फेरेपछि मुद्दा अघि बढ्न सकेन । हालसम्मकै अदालतमा पुगेको एक एकमात्र जातीय विभेद सम्बन्धी घटना हो । तर गाउँमा दैनिक यस्ता विभेदका घटना भइरहन्छन् । पीडितहरू पनि फेरी यही गाउँमै बस्नुछ, किन

बाँकी ८ पेजमा.....

## नागरिक विपद् बीमा कार्यक्रम सुरु

मिसन न्युज
सुर्खेत

कर्णाली प्रदेश सरकारले विपद्रुको जोखिमविरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम लागू भएको छ । प्रदेश सरकारले हरेक नागरिकको लागि विपद् बीमा कार्यक्रमको शुरुवात गरेको हो । बीमा कार्यक्रमको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादव र राष्ट्रिय बीमा कम्पनी लिमिटेडका प्रमुख डिल्लीराज अर्यालले सहमति पत्रमा हस्ताक्षर गरेका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको बीमा कार्यक्रमअन्तर्गत कर्णालीका हरेक नागरिकले १ लाख रुपैयाँको निःशुल्क बीमा सुविधा प्राप्त गर्नेछन् । यस्तै, विपद् दुर्घटनाका कारण घरमा क्षति पुगेमा प्रतिघर ५ लाख रुपैयाँको बीमा सुविधा प्राप्त गर्ने सरकारले व्यवस्था गरेको छ । बीमा

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## स्वस्थ जीवन समृद्धिको आधार

समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना गर्ने सरकारले सर्वप्रथम नागरिक स्वस्थ भए मात्र यो सोच पूरा हुनसक्छ भनेर बुझ्नु आवश्यक छ। जब आम नेपालीको स्वास्थ्य अवस्था राम्रो हुन्छ तब मात्र देशको स्वस्थ वातावरणको चाहना र जिम्मेवारी महसुस हुन्छ। यसका लागि सरकारले कागज र बोलीमा हैन व्यवहारमै उतार्ने गरी पहिला जनताप्रति आफू जिम्मेवार भएर देखाउनु जरुरी छ। कागजी रूपमा गाउँ-गाउँमा पुगेको सिंहदरबारले कति जनतालाई समेट्न सक्यो बुझ्नुपर्छ। ठूला नेतालाई सामान्य बिरामी हुँदा पनि विदेशको उपचार आवश्यक भइरहँदा सर्वसाधारण जनता बिरामी हुँदा के गरिरहेका छन्, मनन गर्नुपर्छ। के सर्वसाधारण जनताले तिरेको करको सदुपयोग गरेर देशमै स्वास्थ्य सेवालाई विश्वसनीय बनाउन सकिन्न भनेर लाग्नु आवश्यक छ। नेताहरू ठूला हवाईजहाज चढेर उपचारका लागि विदेश सयर गरिरहँदा बिहान सबेरैदेखि स्वास्थ्य परीक्षणका लागि टिकट काट्न लाइनमा बस्नुपर्ने सर्वसाधारण नागरिकको बाध्यताको अन्त्य कहिले हुन्छ ? आम नागरिकले सरकारले देखेका सपना साकार पार्न साथ नदिएसम्म जस्तोसुकै सुन्दर सपना देखे पनि केही अर्थ राख्दैन। त्यसैले सबभन्दा पहिला आम नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकका विषयमा २०७२ को संविधानमा मात्र सीमित राखेर देशलाई सफा र सुन्दर बनाउने परिकल्पना नगरे पनि हुन्छ। देशलाई स्वस्थ बनाउने भनेकै नागरिकले हो। नागरिक आफैं अस्वस्थ छन् भने उसले देशलाई स्वस्थ बनाउने बारेमा कसरी सोच्ला ? स्वास्थ्य क्षेत्र संघीय र प्रादेशिक जिम्मेवारीमा विभाजित भएपछि पछिल्लो समय निकै अन्योलमा छ। अझै को कसप्रति जिम्मेवार हुने भन्ने प्रश्नको जबाफ दिन सेवा प्रदायकहरू नै सक्षम छैनन्। मुलुकले सर्ने रोगतिर बढी ध्यान दिइरहेका बेला नसर्ने रोगका कारण नागरिक समस्यामा छन्, यससम्बन्धी चेतना अभिवृद्धिका लागि पनि अभियान नै चलाउनुपर्ने अवस्था छ। नागरिकको स्वास्थ्य समस्याको मूल जड सर्नेभन्दा नसर्ने रोग हो र त्यसमा पनि उपचारको पहुँच अत्यन्तै कमजोर भएको अवस्थामा क्यान्सरका बिरामी रहेका छन् भन्ने जानकारी निकै कमलाई थाहा छ। उदाहरणका लागि, शरीरभित्र यान्त्रिक गोटी पठाई गर्दै आएको 'पेट स्क्यान' नामको परीक्षणका लागि सरकारले व्यवस्था गरेमा करिब २० हजार रुपियाँमा उपचार हुन्छ, जब कि छिमेकी भारत गएर यसको परीक्षण गर्दा एक लाखभन्दा बढी खर्च भइरहेको छ। निजी क्षेत्रको पहलमा अहिले हुँदै आएको परीक्षणमा ६० हजारको हाराहारीमा खर्च हुन्छ। नेपालमा निजी क्षेत्रबाट सञ्चालनमा आएको पेट स्क्यान गत वैशाख २२ देखि भारतीय जेट एयरवेज बन्द भएसँगै तीन महिना रोकिएको थियो।


### रास्कोटको सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**


## तथ्यांकमा पुरा भयो, विद्यालयमा उस्तै शिक्षक

**मिसन न्यूज**
**कालिकोट**

जिल्लामा रहेका सामुदायिक विद्यालयमा शिक्षकको अभाव हुने गरेको छ।कालीकोट जिल्लामा रहेका सामुदायिक विद्यालयमा दरबन्दीका शिक्षक नियमित नहुँदा पठन पाठनमा समस्या हुँदै आइरहेको छ। राजनीतिक पहुँचका आधारमा खोलिएका विद्यालयमा दरबन्दीका शिक्षक नियमित नहुँदा नीजि स्रोतबाट शिक्षक राखेर पढाउनुपर्ने बाध्यता रहेको छ। सरकारी दरबन्दीका शिक्षक र कालीकोट जिल्लामा



स्थापना गरिएका विद्यालयको संख्या बराबर रहेका छन्। जिल्लाका अधिकाँश विद्यालयमा हेर्ने हो भने दरबन्दीका शिक्षक विद्यालयमा पाउन मुस्किल हुने गरेको छ। जिल्लाका सरोकारवाला निकायले गुणस्तरीय शिक्षाको कुरा गरिरहदा यहाँका नागरिकले दरबन्दीका शिक्षकलाई नियमित गराउन आग्रह गरेका छन्। कालीकोट जिल्लामा प्राथमिक विद्यालय १ सय ७८ निम्नमाध्यमिक ५१ र माध्यमिक ६५ वटा रहेका छन्। तर यी विद्यालयमा जाने हो भने दरबन्दीका शिक्षक पाउनै गाहे हुने गरेको छ। जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई कालीकोटको तथ्यांक हेर्ने हो भने दरबन्दी अनुसारका शिक्षक रहेको समन्वय इकाईको दावि रहेको छ। केही विद्यालयमा खाली रहेपनि अधिकाँश विद्यालयमा दरबन्दीका शिक्षक रहेको जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई प्रमुख महेश देवकोटाले जानकारी दिए। ग्रामिण भेगमा रहेका विद्यालयहरुमा दरबन्दीका शिक्षक नभएको अभिभावकहरुले गुनासो गरेका छन्। ग्रामिण भेगमा अध्ययन गरेका विद्यार्थी र नीजि विद्यालयमा अध्ययन गरेका विद्यार्थीको पढाईको अन्तर हुने भएकाले गुणस्तरी शिक्षा नारामा मात्र सिमित रहेको अभिभावकहरुको भनाई रहेको छ। जिल्ला शिक्षा विकास तथा समन्वय ईकाले दरबन्दीका शिक्षक प्रयाप्त भएको दावि गरेपनि कर्णालीका विद्यार्थीका लागि राज्यले दिएको दिवा खाजाको रकम भने विद्यार्थीले कहिल्यै पाउदैनन्। कर्णालीको शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि राज्यले कर्णालीका विद्यार्थीलाई नियमिति विद्यालय पढाउनका लागि दैनिक दिवा खाजा बाफत १५ रुपैयाका दरले विद्यार्थीलाई दिदै आएको छ।

राज्यले दिएको विद्यार्थीको सेवाका लागि विद्यालयमा विद्यार्थी भर्ना नभएपनि शिक्षकहरुले आफ्नो विद्यालयमा विद्यार्थीको संख्या बढाउने गरेका छन्। दिवा खाजाको रकमले अधिकाँश विद्यालयले शिक्षकलाई तलव खुवाउने भएकाले विद्यार्थीको संख्या बढाउदैं आएका हुन्। शिक्षकले मासिक रकम अभिभावकलाई वितरण गर्दै आइरहेको बताइरहेका भएपनि विद्यार्थीका अभिभावकले रकम नबुझ्ने नक्कली भरपाई बनाएर शिक्षकलाई नै फिता गर्ने गरेको अभिभावकहरुको भनाई।


### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# कर्णाली प्रदेशको अवस्था र अबको बाटो

माधव चौलागाईं (फान्चौरी)

संघीयताको सबैभन्दा बढी लाभ लिन सक्ने सम्भावना भएको प्रदेशको रुपमा कर्णालीलाई हेर्न सकिन्छ । किनकि एकीकरण यताका सवा दुई सय वर्षसम्म केन्द्रीय सत्ताको वेवास्ता सहेर हेपिएको महसुस गरिरहेको कर्णालीले संघीयताको कार्यान्वयनसँगै अब आफ्नो भाग्यको फैसला आफैं गर्नसक्ने भएको छ । खस राज्यकालीन कर्णाली समृद्ध रहेको इतिहास साक्षी छ । शीतकालीन तथा ग्रीष्मकालीन राजधानीको अवधारणा सहितको राज्य सञ्चालनको मोडल, रीतिथितिमा चल्ने सहिष्णु समाज, खाद्यान्नमा आत्मनिर्भरता, भोट र मधेश जोड्ने व्यवस्थित व्यापार चक्र आदि तत्कालीन समयको बृहत कर्णाली राज्यका अनुकरणीय अभ्यासहरु हुन् । सशक्त व्यवस्थाले बनाएको आर्थिक स्वावलम्वन र सम्पन्नताले खसराज्यको प्रभाव र फैलाव नेपाल 'काठमाडौं', लखनउ, काश्मीर र तिब्बतसम्म पुगेको गौरवशाली ईतिहास छ । अब कर्णालीले त्यो वैभव पुनःस्थापित गरी समृद्धिको नयाँ आयाम कोर्न सक्नेछ । पछिल्लो समय सबैले सम्भावनाको भुमि देख्नुमा कर्णालीको इतिहास, संस्कृति, परम्परा, भाषा, भेषभुषा, पर्यटन, वनस्पति, जडिबुटि र जलश्रोत मुख्य कारण रहेका छन् । त्यसैले अचेल चुनावका नारा, योजनाका खाका, नेतृत्वका भाषण र आम मानिसका सपनाहरुमा समृद्ध कर्णालीको चर्चा बढिरहेको छ । विकासका अनेक मोडेलहरुको खोजी भइरहेको छ । स्थानीय सरकारहरु र नवगठीत प्रदेश सरकारमा यौटा महत्वाकांक्षा छ र आम जनताहरु पनि तीव्र आशा पालेर बसेका छन् । के ती सबै सम्भावनाहरु मुर्त हुन सक्लान् के प्रदेश सरकारले त्यो क्षमता राख्दछरु सरकारका प्राथमिकताहरु के हुनपर्छरु र चुनौतीहरु के छन् यी प्रश्नहरुलाई ध्यानदिन जरुरी छ । यथार्थको धरातलभन्दा निकै माथिबाट देखिएका सपनाहरु पूरा नहुँदा 'मास फ्रस्ट्रेशन' निम्तिन सक्छ । छिटै समृद्धि ल्याउने तिव्र लालसाले बन्ने हचुवा नीति, योजना, प्राथमिकता र खर्च प्रणाली र त्यसले सृजना गर्नसक्ने कार्यान्वयन पक्षका कमजोरी, अदुरदर्शिता र अनियमितताले अपुरणीय क्षति हुने खतरा हुन्छ । कर्णाली प्रदेशको अगाडिको बाटो सजिलो पटक्कै छैन । त्यसैले, अहिलेको प्रदेश नेतृत्वले लोकप्रिय बन्नलाई नभई सुझबुझपूर्ण निर्णय लिनसक्नु अपरिहार्य छ ।

**कर्णाली प्रदेशको वर्तमान अवस्थालाई तथ्यांकमा हेरौं:**

भूगोल र जनसंख्याको बेमेल तालमेलः यो प्रदेशले ३० हजार ३ सय १३ वर्ग किलोमिटर भूगोल ओगट्छ जुन समग्र देशको २० दशमलव ५ प्रतिशत हो । हालको अनुमानित जनसंख्या १७ लाख १ हजार ८ सय छ जुन समग्र देशको ५ दशमलव ४ प्रतिशत मात्र हो । यसैगरी, देशको जम्मा घरधुरीहरुमा २ लाख ९८ हजार ३ सय ६० अर्थात् ६ प्रतिशत घरधुरी यस प्रदेशमा रहेका छन् । प्रदेशको विशाल हिस्सा हिमाली क्षेत्रले ओगटेको छ भने बाँकी भाग पहाडी क्षेत्र छ । विकट भूभागमा अवस्थित थोरै जनसंख्या र छरिएका बस्तीहरुमा पूर्वाधार र सेवाको पहुँच बढाउनु निकै चुनौतिपूर्ण र खर्चिलो हुन्छ । यस प्रदेशमा प्रति सय वर्ग किमि क्षेत्रफलमा मोटरबाटोको घनत्व केवल ८ दशमलव ७२ किलोमिटर मात्र छ जबकी अन्य प्रदेशमा यो दर १८ देखि ७१ किमिसम्म छ ।

मोटरबाटोबाट मूलधारसँग नजोडिएका २ मात्र जिल्ला हुम्ला र डोल्पा यसै प्रदेशमा पर्दछन् । फलस्वरूप, जम्मा १७ दशमलव ४ प्रतिशत घरधुरीले मात्र ३० मिनेटभित्र बजारसम्म पुग्ने पहुँच राख्न सक्छन् जबकि अरु प्रदेशमा यो आँकडा ३२ प्रतिशतदेखि ५७ दशमलव ५ प्रतिशतसम्म छ । विद्युत उत्पादनको प्रचुर सम्भावना भए तापनि हालसम्म सरकारी र नीजि लगानीमा जम्मा ६ सय ४२ दशमलव ६५ मेगावाटको पिपिए भएको छ । मानव विकासको कमजोर अवस्था र गरिबीको चक्रः कर्णाली प्रदेशको मानव विकास सूचक सबैभन्दा न्यून ०.३९० छ जबकि राष्ट्रिय औसत ०.४९० छ । साक्षरता दर पनि सबैभन्दा न्यून ६२ दशमलव ७७ छ जसको राष्ट्रिय औसत ६५ दशमलव ९ हो । सरदर आयु सबैभन्दा कम अर्थात ५५ दशमलव ६ वर्ष मात्र छ जबकि राष्ट्रिय औसत करिब ६१ वर्ष छ । त्यसैगरी, औसत प्रतिव्यक्ति आय पनि राष्ट्रिय औसत ७१८ भन्दा निकै कम ४७४ दशमलव ८६ अमेरिकी डलर बराबर मात्र छ । कर्णाली प्रदेश सबैभन्दा बढी गरीब बस्ने प्रदेश हो । राष्ट्रिय योजना आयोगको भर्खरै प्रकाशित प्रतिवेदन अनुसार राष्ट्रिय औसत २८ दशमलव ६ प्रतिशत भन्दा निकै माथी कर्णाली प्रदेशमा ५१ दशमलव २ प्रतिशत गरिबी छ । अर्थात् यहाँको हरेक दोस्रो व्यक्ति बहुआयामिक रुपले गरिब छ । यसको मूल कारणहरुमा बाल मृत्युदर उच्च हुनु, बालबालिकामा व्याप्त कुपोषण, विद्यालय शिक्षामा कमी, खाना पकाउने इन्धनको अभाव, घरका छाना तथा भुइँको कमसल अवस्था, सरसफाईको कमी, विद्यालयमा न्युन उपस्थिति र पानीको अपर्याप्तता हुन् । प्रदेशको कमजोर सामर्थ्य, अपुरो बजेट र अनिश्चित स्रोतः सामर्थ्यका हिसावले कर्णाली प्रदेश सबैभन्दा कमजोर छ । कुल ग्राहस्थ उत्पादन 'जिडिपी'मा यो प्रदेशको योगदान हालसम्म एकदमै न्यून छ । प्रदेशगत उत्पादनका विविध क्षेत्रहरुमा यस प्रदेशले कृषि तथा बनपैदावरतर्फ ५ प्रतिशत, निर्माण कार्यतर्फ ४ प्रतिशत तथा थोक र खुद्रा व्यवसायतर्फ ३ प्रतिशत हिस्सा ओगटेको छ । पर्यटनको प्रचुर सम्भावना बोकेको यस प्रदेशले होटेल र रेस्टुराँ तर्फको जीडीपीमा केवल २ प्रतिशतमात्र योगदानगर्न सकेको छ । प्रदेशको आफ्नै भरपर्दो राजस्वका आधार र आन्तरिक स्रोतहरु छैनन् । तिब्बततिरका भन्सारहरु सक्रिय छैनन् । ठूला उद्योग धन्दाहरु स्थापना भएका छैनन् । पर्यटन भर्खर बामे सर्दैछ । एउटै स्रोत भनेको केन्द्र सरकारले विनियोजन गर्ने बजेट हो। यस वर्ष सातै प्रदेशले बराबर समानीकरण रकम रु. १ अर्ब २ करोड ५ लाखको बजेट प्राप्त गरेका छन् । यो रकमबाट हाल प्रदेश सरकारको स्थापना र संचालन गर्नुपर्ने हुन्छ । भर्खरै आगामी बर्ष प्रदेश सरकारहरुको बजेट सीमा १५ अर्ब हुने खबरले के इँगीत गर्छ भने कर्णाली प्रदेश सरकारले सो भन्दा थोरै बजेट पाउने छ । स्थानीय तहमा हुने विकास निर्माण र नियमित सेवा प्रवाहको सबै खर्च स्थानीय सरकारले गर्छ ।

स्थानीय सरकारहरुले वित्तिय समानीकरण अनुदान र सशर्त अनुदान प्राप्त गरेका छन् । यो आर्थिक वर्षमा कर्णाली प्रदेशका २५ नगरपालिका र ५७ गाउँपालिका गरि ८२ स्थानीय तहमा जम्मा २० अर्ब ५ करोड ६८ लाख १५ हजार रकम गएको छ । यो स्थानीय तहमा विनियोजित कुल बजेटको ९ प्रतिशत मात्र हो । खर्चका दायराहरु बढ्दै गइरहेको परिप्रेक्षमा आगामी दिनमा सरकारी ढुकुटीले सहजै धान्न सक्ने अवस्था छैन । प्रतिवेदनले आगामी बर्ष स्रोतको सुनिश्चितता गरेर मात्र बजेटको आकार निर्माण गर्न सुझाएको छ । अब बजेटको निकासा पनि किस्तामा हुनेछ। स्थानीय तहले आउने आर्थिक बर्षमा उदार भएर खर्च गर्ने छुट हुने छैन । बाह्य ऋण परिचालन पनि सहज छैन । संघीय संरचना अनुसारको विकास सहायता नीति तथा परिचालनका मापदण्डहरु तयार पार्न बाँकी छ । स्थानीय तह र प्रदेश सरकार विविध माग बोकेर संघीय सरकारका मन्त्रालयमा 'डेलिगेसन' यात्रा गरिरहन पर्ने हुन सक्छ । अनन्त सम्भावना, आकांक्षा र यसका सीमाहरुः अचेल धेरैले कर्णाली प्रदेशलाई सम्भावनै सम्भावनाको खानीको रुपमा चित्रण गरेका छन् । उपयुक्त पूर्वाधारको निर्माण गरी उद्योगको रुपमा विकास नभएसम्म ती सम्भावनाहरुबाट तुलनात्मक लाभ लिन सकिने अवस्था छैन । पूर्वाधार निर्माणको नाउँमा गरिने गल्तीले वातावरणीय सन्तुलन बिग्रेर उल्टै ती सम्भावनाहरुको क्षय हुनसक्ने डर हुन्छ । प्रदेशका गाउँहरुमा अचेल व्यापक रुपले अव्यवस्थित वस्ती र बाटोको निर्माण भैरहेको छ । उत्पादनशील जग्गाहरु मासिने क्रम तीव्र छ । पुराना मौलिक शैलीहरु धमाधम मासिदै सिमेन्ट, कंक्रिट र जस्तापाताका संरचनाहरु कुरुपवस्ती बनेर ठडिदै छन् । स्थानीय सरकारहरुको पहिलो रोजाई 'डोजर' किन्नुले के संकेत गर्छ भने जताततै खनेर, रुख बिरुवा ढालेर विनाशलीला बढ्दैछ । रुख कतै रोपिएको छैन । वनजंगल बढाउन ठोस कदम कसैले चालेको पाइँदैन । खानेपानीका पुरानाश्रोतहरु सुकिरहेका छन् । नदीहरुमा बहाव घटिरहेको छ । बनपाखा, लेक र पाटनका चौरमा उब्जिने कतिपय जडिबुटीहरु लोपोन्मुख भैसकेका छन् । जडिबुटीको व्यावसायिक उत्पादन छैन । मौलिक खाद्य र नगदे बालीहरु संकटमा पर्दै गएका छन् । उत्पादन लागत र बिक्रिमूल्यको बीच सन्तुलन छैन । स्थानीय उत्पादनले बजारमा यत्तिकै प्रतिस्पर्धा गर्न सक्दैन । सरकारको 'सब्सिडी' आवश्यक छ । जनस्वास्थ्यका सेवा पर्याप्त र प्रभावी छैनन् । सार्वजनिक शिक्षा प्रणाली अस्तव्यस्त छ । गुणस्तरीय शिक्षामा गरीबको पहुँच छैन । सुशासन आधारहरु कमजोर छन् । सरकारी कार्यालयले दिने सेवाप्रति भरोसा टुटेको छ । भ्रष्टाचार व्याप्त रहेको गुनासो छ । जताततै दलीय युनियन राजनीतिले गाँजेको छ ।

**अबको बाटो**

विद्यमान वास्तविकतालाई आत्मसात गर्दै संयमित, सन्तुलित र दीर्घकालीन हीतका प्राथमिकताहरु केलाउन जरुरी छ । तत्कालीन प्रतिफल हेरेर गरिने लगानी त पूँजीबादी राज्य संरचनामा हुन्छ, संविधानमै समाजवाद उन्मुख लेखेकोले सोको विचार पुर्याउनु आवश्यक छ । संविधानले सातवटै प्रदेशलाई समान हैसियत दिएकोले अब कर्णालीलाई फरक ढंगले हेर्दैउ भन्नु बलियो नैतिक आधार रहेन । यसको दीर्घकालीन समाधान संविधान संसोधनबाटै गरिनु जरुरी छ, जसले कर्णालीलाई निश्चित अवधिसम्म विशेष स्वायत्तता प्राप्त प्रदेश बनाएर राज्यले अतिरिक्त लगानी गर्नु पर्छ । साथै सो अवधिभर प्रदेशको जमिन किनमेलमा विशेष निगरानी र कडाई गरिनु पर्छ ताकि गरीब जनताको भुमिको स्वामित्व कायम रहोस् । राज्यले अहिले गरेको लगानीको शोधभर्ना कर्णाली प्रदेशले भविश्यमा दिनेछ । प्रदेश सरकारले नीति योजना निर्माण गर्दा निकै सोचविचार गर्नु जरुरी छ ।

तत्काल ऋण परिचालन गरि ठूला योजना सुरु गर्नु अघि के सोचौं कि कतै यसले जनताको थाप्लोमा केवल ऋण मात्र थपिने त हैनरु श्रोत र अनुभवको अभावमा गरेका गलत कदमले दीर्घकालीन असर पर्न सक्छ । कम खर्चिला र स्थानीयको सहभागितामा गरिने योजनाहरुलाई प्राथमिकता दिनुपर्छ । शासकीय सुधारका प्रयासहरु अत्यन्तै जरुरी छ किनकी देश राजनीतिक र प्रशासनिकरुपमा पुनर्संरचना भए पनि सेवा प्रवाह गर्ने कतिपय प्रणाली र संयन्त्रहरु पुरानै छन् । दुई दशकदेखि एकखाले ढर्रा र शैलीमा चलेको कर्मचारीतन्त्र एकाएक सुध्रेला भन्न सकिने आधार छैन । यही संयन्त्रबाट गरिने योजना, निर्णय र कार्यान्वयन चुस्त हुने कुरामा विश्वास गर्न सकिन्न । त्यसैले अब प्रदेश सरकारले मितव्ययी र छरितो प्रशासन प्रणाली आरम्भ गर्नैपर्छ । परम्परागत शैलीको कर्मचारी व्यस्थापन, खटनपटन र कार्य सम्पादन मुल्यांकन गर्ने पद्दती हटाएर नियमित रुपले राष्ट्रसेवकको सीप र क्षमता जाँच्ने र कार्य सम्पादन करार नवीकरण गर्ने प्रणाली लागू गर्न सकिन्छ । नीजि तथा सार्वजनिक साझेदारी बढाई सेवा प्रवाहलाई चुस्त पार्न सकिन्छ ।

'जनस्वास्थ्य सेवा प्रणालीको अनुगमन तथा मुल्यांकन विशेषज्ञको रुपमा कामगर्ने लेखक चौलागाई कर्णाली प्रदेश तातोपानी गाउँपालिका लाम्रा गाउँका बासिन्दा हुन् ।' कर्णालीपत्रबाट


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधैं ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

# ५२ प्रतिशत बालबालिका उमेर नपुग्दै विवाह

मिसन न्यूज
सुर्खेत

कर्णालीमा आधा भन्दा बढी बालबालिकाको उमेर नपुग्दै विवाह हुने गरेको छ । कर्णाली प्रदेश सरकारको सामाजिक बिकास मन्त्रालयले तथ्याङ्कले यहाँका ५२ प्रतिशत बालबालिकाले उमेर नपुग्दै विवाह गर्ने गरेको देखाएको छ। २०६८ सालको जनगणनाअनुसार कर्णालीको कूल जनसंख्याको ५२ प्रतिशत बालबालिका छन् । बालबालिका मध्ये पनि ५२ प्रतिशत बालबालिकाले उमेर नपुग्दै विवाह गर्ने गरेका छन् ।

कर्णालीको रुकुम पश्चिम र दैलेख जिल्लामा सबैभन्दा बढी ७१ प्रतिशत बालविवाह हुने गरेको छ भने सबै भन्दा कम डोल्पामा ५० प्रतिशत बालविवाह हुने गरेको तथ्याङ्कले देखाउँछ। यहाँका ४६ प्रतिशत बालबालिकाले १५ बर्षदेखि १९ बर्ष उमेर समूहमा विवाह गर्ने गरेका छन् ।आर्थिक विपन्नता, सामाजिक र सांस्कृतिकप्रचलन, कानूनको प्रभावकारी कार्यान्वयनको अभाव, गुणस्तरीय शिक्षा र शैक्षिक वातावरणको कमीले बालविवाह हुने गरेको बाल संरक्षण अभियन्ताहरुको भनाई छ । बालबालिकाप्रति उदासिन राज्य व्यवस्था र बालसंरक्षणको संगठनात्मक संरचना नभएका कारण पनि कर्णालीमा बालविवाह न्युनिकरणमा समस्या भएको बालबालिकाको क्षेत्रमा काम गरिरहेको सेभ द चिल्ड्रेनका बाल संरक्षण संयोजक बाले विश्वकर्माले बताए ।'बालबालिकाको क्षेत्रमा सरकारी लगानी न्युन हुनु र बालविवाह पार्ने असरका बारेमा सचेतना फैलाउन नसक्दा पनि बालविवाह न्युनिकरणमा समस्या छ' उनले भने पछिल्लो समय बालबालिकाहरुले स्वेच्छिक विवाहले पनि बालविवाह न्युनिकरणमा चुनौती थपिएको बताए। बालविवाहकै कारण कर्णालीमा उमेर नपुग्दै आमा बन्नेहरुको संख्या पनि बढेको छ । आर्थिक बर्ष २०७३/०७४ यताका तीन बर्षमा कर्णालीका १० जिल्लाका ४० हजार नौ सय ६१ जना १९ बर्षमुनिका किशोरी गर्भवती भएका छन्। बालविवाहका कारण सानै उमेरमा गर्भवती हुँदा बालिकाको पठन पाठनमा बाधा पुग्नुका साथै स्वास्थ्य समस्याहरु पनि देखा पर्ने गरेको बालअधिकारकर्मी हिरासिंह थापाले बताए। 'कम उमेरमा गर्भवती भएका अधिकांश किशोरीहरुमा स्वास्थ्य समस्या, महिला हिंसाका घटना तथा सम्बन्ध बिच्छेदका घटना समेत बढेका छन्' उनले भने ।



**'बालविवाह अन्त्य गर्न प्रदेश सरकार प्रतिबद्ध छ'**

कर्णाली प्रदेशका समाजिक बिकास मन्त्री दल रावलले कर्णालीमा बढ्दो बालविवाह अन्त्यका लागि सबै क्षेत्रको सहकार्य जरुरी भएको बताएका छन् । किर्डाक नेपालले बुधबार वीरेन्द्रनगरमा आयोजना गरेको प्रदेश स्तरीय बाल कचहरीमा मन्त्री रावलले बालविवाह गर्ने गरीप्रदेश सरकारले बजेट तथा कार्यक्रम बनाएको र त्यसको प्रभावकारी कार्यान्वयन मार्फत बालविवाह अन्त्य गरिने दावी गरे । 'बालविवाहले व्यक्तिको स्वास्थ्यमा मात्र असर गर्दैन यसले देशको भविष्य समेत बिगार्छ' उनले भने, 'त्यसैले बालविवाह अन्त्यका लागि सबै पक्षको सहकार्य जरुरी छ।' कर्णाली सरकारले बालविवाह अन्त्यका लागि छोरीका लागि बैंक खाता खोल्ने गरी बजेट तथा नीति कार्यक्रम बनाएको भन्दै उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनले बाल विवाहलाई निरुत्साहित बनाउने उनले बताए । आर्थिक, सामाजिक र भौगोलिक रुपमा पछाडि परेको कर्णालीको बिकासका लागि यहाँका केही परम्परागत मान्यता पनि बाधक भएको मन्त्री रावलले बताए । 'आर्थिक विपन्नता, गरिबी र पछौटेपनको पर्याय बनाइएको कर्णालीमा बालविवाह र छाउपडि प्रथा जस्ता कुरिती अन्त्य गर्न जरुरी छ' उनले भने ।

**दुलहीको घुम्टो खोलेर कार्यक्रम उद्घाटन**

बाल कचहरी कार्यक्र उद्घाटन पनि नयाँ देखियो। दुलहीको रुपमा घुम्टो ओढेकी युवतीको घुम्टो सामाजिक बिकास मनत्रीले खोलिदिए पछि कार्यक्रम उद्घाटन भयो । अबोध बालिकाहरुको घुम्टो खोलेर समाजमा स्वतन्त्र बनाउन सांकेतिक स्वरुप कार्यक्रमको तयार गरिएको आयोजकले जनाएका छन् ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाका
,कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

तिलागुफा नगरपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# ब्याडमिन्टन विजेता टिमलाई खसी पुरस्कार

**मिसन न्यूज**
**कालिकोट**


कालिकोटमा जिल्ला ब्याडमिन्टन संघ कालिकोटले आयोजना गरेको खुला ब्याडमिन्टन प्रतियोगिताको विजेतालाई खसी पुरस्कार प्रदान गरिएको छ। विजयादशमीको अवसरमा जिल्लामा पहिलो पटक आयोजना गरिएको खुला ब्याडमिन्टन प्रतियोगितामा प्रथम हुने जिल्ला प्रहरी कार्यालय कालिकोटको टिमलाई खसी पुरस्कार प्रदान गरिएको हो । गत मंगलबारदेखि सुरु भएको उक्त प्रतियोगितामा जिल्लाभरीका १२ वटा टिम सहभागी भएको जिल्ला ब्याडमिन्टन संघ कालिकोटका अध्यक्ष भरतराज बिष्टले बताए । उनका अनुसार जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख डिएसपी श्यामबाबु ओली र प्रहरी हवलदार धिरेन्द्र शाहीको टिम प्रथम भएको थियो। उक्त टिमलाई प्रमुख अतिथि संविधानसभा सदस्य तुलाराज बिष्टले पुरस्कारस्वरुप खसी हस्तान्तरण गरेका हुन् । उनका अनुसार प्रतियोगितामा दोस्रो जिल्ला प्रहरी कार्यालयकै लेखापाल रमेश पन्थी, राजेन्द्र केसी, तृतीय कालिकोट युथ क्लबका सुमन बिष्ट, नमराज मल्ल र जिल्ला ब्याडमिन्टन संघ कालिकोटका भरतराज बिष्ट, विकाससिंह बमका बाबु छोरा टिम शान्त्वना स्थान हाँसिल गरेका छन्।


बिजेता टिमलाई खसी र प्रमाणपत्र प्रदान गर्दै ।

# सदमुकाममा तारे होटल बन्दै

**मिसन न्यूज**
**कालिकोट**

जिल्लामा तीनतारे होटल निर्माण हुने भएको छ। होटल व्यवसायी संघ कालिकोटका अध्यक्षसमेत रहेका जनकबहादुर शाही लगायतको टोलीले करिब ६ करोड लगानीमा तीनतारे होटल निर्माणको तयारी थालेको हो । कालिकोट हुँदै कर्णालीकै चर्चित पर्यटकीय स्थल राराताल र कैलाश मानसरोवर घुम्न जाने स्वदेशी तथा विदेशी पर्यटक र जिल्लामा हुने ठूला कार्यक्रमलाई लक्ष्य गरी होटल सञ्चालन गर्न लागिएको हो । निर्माणाधीन होटल एक वर्षभित्रै सञ्चालनमा आउने अध्यक्ष शाहीले बताए। उनका अनुसार जिल्लामा पछिल्लो पटक होटल व्यवसायमा लगानी बढ्दै गएको हो । जिल्लामा आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि मध्ययमस्तरका होटल सञ्चालन भए पनि उच्चस्तरका होटल छैनन्। १० वर्षअघि सात वटासम्म मात्रै होटल रहेको कालिकोट सदरमुकाममा अहिले झण्डै एक सय ५० भन्दा बढी होटल सञ्चालनमा छन् । जिल्लामा अहिले सञ्चालनमा रहेका सानाठूला होटलमा ५० करोडभन्दा बढी लगानी



भएको होटल व्यवसायी संघको भनाइ छ। होटल व्यवसायी धनबहादुर बटालाले जिल्लामा पर्यटक बढेमा होटलमा थप लगानी गर्न सकिने बताए। रारातालसँगै कालिकोटमा रहेको नेपालकै अग्लोपचाल झरना, बढीमालिका, त्रिवेणी पाटनलगायत पर्यटकीयस्थल अवलोकनमा आउने पर्यटक बढ्दै गएका छन् ।

# राजमार्गका दर्जनौं पुल अलपत्र

**मिसन न्यूज**
दैलेख

कर्णाली राजमार्गमा पर्ने एक दर्जन बढी पुल निर्माण कार्य थालिएको दशक भइसक्दा समेत पूरा हुन सकेका छैनन् । राजमार्गका पर्ने पक्की पुल निर्माण कार्यको जिम्मा लिएका कम्पनीहरूले लापरबाही गरेका कारण अहिलेसम्म पुल निर्माणको काम सम्पन्न नभएकाले राजमार्ग यातायतका साधन चल्न मुस्किल हुने गरेका छन्। विश्व बैङ्कले पुल निर्माण गर्ने गरेको आर्थिक सहयोगको म्याद सकिन तीन महिना मात्र बाँकी रहेको भए पनि अहिले सम्म चौध वटा पुलमा दुई पुल निर्माणको कार्य सम्पन्न भएका छन भने बाँकी निर्माणको काम ५० देखि ७० प्रतिशत मात्र भएको देखिन्छ। दैलेख खण्डमा पर्ने विभिन्न खोलाहरूमा पक्की पुल निर्माण गरेर यातायातलाई



सहज बनाउने अभियान थालिएको वर्षौं बितिसक्दा समेत पुल नबनेका कारण यात्रुहरूलाई सास्ती हुने गरेको छ। सरकार र सम्बन्धित निकायले पुल तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न बारम्बार ताकेता गर्दा पनि निर्माण कम्पनिको लापरवाहीलका कारण पुल निर्माणक काम सम्पन्न हुन नसकेको देखिन्छ। दशकौं अगाडिबाट पुल बन्नलान सहजै घर जान पाइएला भन्ने सपना बोकेका कर्णाली बासीका सपना अहिलेसम्म अधुरै रहेका छन् । कर्णालीमा यात्रा गर्ने यात्रुहरूले दुर्घटना हुने त्रासमा यात्रा गर्न बाध्य छन्। कर्णाली राजमार्ग अन्तर्गत दैलेख खण्डको राम कर्णाली नजिक जाक्सी खोलाको पुल निर्माणको काम नहूदा अहिले पनि लथालिंग अवस्थामा रहेको छ। सात वर्ष अघिदेखि निर्माणको काम सुरु गरिएको उक्त ठाउँमा सात वर्षसम्म सरिया मात्रै टढाइएको देखिनथ्ये भने गत वर्ष केही काम गरिएको भए पनि अहिले ठेकेदारले काम छोडेका कारण उक्त पुल अलपत्र परेको छ। विश्व बैंकको सहयोगमा १४ पुल कर्णाली राजमार्गमा पर्ने चौध पुल निर्माण गर्नका लागि सडक डिभिजन कार्यालय सुर्खेत मार्फत विश्व बैकको ऋृण सहयोगमा १४ वटा पुलको निर्माण थालिएका हो तर निर्माण कार्य थालनी गरेको दशकौं भइसक्दा पनि पुल सम्पन्न हुन सकेका छैनन् विश्व बैंक सहयोगको अन्तिम म्याद मङ्सिर सम्म बाँकी रहेकाले तिन महिना अगाडिनै पुल निर्माणका सकाउनु पर्ने देखिन्छ। म्याद सकिने डरले निर्माण कार्य तीव्र कर्णाली राजमार्ग पुल निर्माण गर्न विश्व बैकले दिएको

**बाँकी ८ पेजमा.....**

**सम्पुर्णमा हाम्रो अनुरोध**

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।**

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# बालशिक्षा सुधार गर्न घोषणपत्र

मिसन न्यूज
कालिकोट

जिल्लाका स्थानिय तहका जनप्रतिनिधिहरुले तल्लो तहको शिक्षामा सुधार गरी बाल शिक्षामा लगानी गर्न ७ बुँधे घोषणपत्र जारि गरेको छ। शिक्षामा तल्लो तहका कक्षामा प्रभावकारी सिकाइ नहुँदा गुणस्तरीय जनशक्ति उत्पादन हुन नसकेको ठहर गर्दै रास्कोट घोषणापत्र जारी गरिएको हो। जिल्लाको एकिकृत्र बालशिक्षा विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा तहमा प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी सिकाइ स्रोत तथा अनुसन्धान केन्द्र स्थापना गरी प्रयोगमा ल्याउने, दिवा खाजालाई व्यवस्थित गर्न अभिभावकको भूमिकालाई प्रोत्साहित गर्ने निर्णय गरिएको छ। जिल्लाका सबै स्थानीय तहका बाल विकास केन्द्रलाई नमुना बनाउन जिल्ला परिषद्मार्फत प्रदेश सरकारसँग १ करोडका दरले रकम माग गर्ने निर्णय गरिएको सेतो गुराँस सेवा केन्द्रका जिल्ला संयोजक हुकुम शाहीले बताए। बालविकास केन्द्र संगसंगै स्वास्थ्य संस्थामा



नेपाल सरकारले गरेको कार्य विस्तृतीकरण २०७३ लाई आधार मानेर सहकार्य गर्न लागिएको हो। प्राप्त सिकाइबारे समिक्षा गर्दै 'घर बलियो जगले, राष्ट्र बलियो बालविकास केन्द्रले' नारालाई सार्थक बनाउन घोषणापत्र जारी गरिएको हो। जिल्ला समन्वय समिति प्रमुख अनिपाल शाही, ९ वटै स्थानिय तहका प्रमुख र शिक्षा अधिकृत लगायत सरोकारवालाले संयुक्त रुपमा रास्कोटका दुई स्वास्थ्य सस्स्था र दुई वटा नमुना बालविकास केन्द्रको अनुगमन गरेका छन्। अनुगममा सहभागी जनप्रतिनिधिहरुले सबै स्थानीय तहमा एकीकृत प्रारम्भिक बाल विकासको कार्यविधि बनाएर लागु गर्ने र न्यूनतम मापदण्डमा आधारित बसाई व्यवस्थापन गर्ने प्रतिबद्धता गरेका छन्, केन्द्रमा शैक्षिक सामग्री, खानेपानी, शौचालय, खेल मैदानलगायतको सुविधासहित सहयोगी कार्यकर्ता १२ कक्षा पास गरेका हुर्नेपर्ने निर्णय गरिएको छ। उज्यालो र पर्याप्त ठाउँ भएको कक्षा कोठासहितको नमूना बाल विकास केन्द्र बनाउने तथा सहयोगी कार्यकर्तालाई आवश्यक तालिम दिँदै प्रोत्साहनमा एकरुपता ल्याउने जनप्रतिनिधिले प्रतिबद्धता जनाएका छन्। त्यस्तै, प्रत्येक स्थानीय पनि बालविकास सिकाई सामाग्री कक्ष स्थापना गरेका छौं। बाल विकासको लगानीबिना विद्यालय शिक्षा बलियो नहुने भएकाले लगानीसहितको निर्णय गरिएको रास्कोट नगरप्रमुख काशीचन्द्र बरालले बताए। 'बालबालिकामा लगानी गर्दा समृद्ध समाज बनाउन सकिन्छ,' उनले भने, 'बाल विकास केन्द्र ओझेलमा छन, त्यसैले स्थानीय सरकारमार्फत लगानी बढाउन खोजेका हौं।' बाल विकासलाई महत्व दिएर रास्कोट नगरले यसवर्ष ईसीडीको लागि मात्र ४५ लाख रुपैयाँ विनियोजन गरेको उनले जानकारी दिए। उनका अनुसार नगरपालिकाको सहयोगमा दुई वटा इसीडीलाई नमूनाको रुपमा विकास गर्न लागिएको छ। कालिकोटमा २ सय ९४ सामुदायिक विद्यालय र २ सय ४६ बालविकास केन्द्र छन्। स्थानीय तहमा जनप्रतिनिधि आएपछि ९ वटै स्थानीय तहमा १ सय २ बाल विकास केन्द्र थप गरिएको हो। छरिएको बस्ती रहेको बाल विकास केन्द्रमा बालबालिका पुऱ्याउनै कठिन रहेको राष्ट्रिय सेतो गुराँसकी भिमा राइले बताइन्। 'कतिपय बाल विकास केन्द्रका बालबालिका खुला चौर र धुलोमै

बाँकी ८ पेजमा.....

# मानिसको तौल घटाउन के गर्ने ?

मिसन न्यूज
स्वास्थ्य

पछिल्लो समय उमेरको अनुपातमा धेरै तौल अर्थात मोटोपन भएका मानिसहरुको संख्या बढ्दो छ। दमोटोपन स्वास्थ्यको लागि राम्रो होइन। आवश्यकता भन्दा धेरै मोटो हुनु स्वास्थ्यको लागि फाइदाजनक मानिदैन। त्यसैले त मोटोपनकै कारणले बिभिन्न रोगहरु पनि देखा परिरहेका हुन्छन्। अधिकांशलाई आफ्नो तौल ठिकै छ भन्ने लाग्छ। मेरो तौल ठिक छ भन्ने लाग्ने व्यक्तिको खानाबाट क्यालोरी आउँछ। क्यालोरीलाई एक्सरसाइजबाट लस्ट गर्न सकेनौं भने बोसोको रुपमा शरीरमा बस्न थाल्छ। बोसो छालाको मुनि र पेट तथा शरीरको बिभिन्न अङ्गहरु पनि टाँसिएर बसेको हुन्छ। बोसो जब तपाईं खाना खानुहुन्न त्यो समयमा प्रयोगमा आउँछ इनर्जी र क्यालोरीको लागि प्रयोग हुन्छ।

### अनावश्यक खानपानलाई त्यागौँ

चिया, मिठाई, केक, बिस्कुट, मदिराजस्ता खानेकुरा सकेसम्म नखाँदा राम्रो हुन्छ। यस्ता



तौल भने वास्तवमा 'ओभर तौल क्याटोगोरी'मा पर्छ। अर्थात त्यस्ता व्यक्तिको तौल आवश्यक भन्दा १० देखि १५ किलोसमम बढी हुनसक्छ। तौल घटाउनु भन्दा पहिला कति तौल घटाउने हो भन्नेमा निश्चित हुन जरुरी छ। मेरो आफ्नै कुरा गर्नु पर्दा मेरो तौल ६५ हुनुपर्नेमा ७७ थियो मेरो १२ किलो तौल बढी थियो। बढी भएको तौलले ५ देखि १० वर्षमा मेरो शरीरमा मधुमेह, ब्लड प्रेसर, क्लोस्टोर र मुटुमा समस्या निम्त्याउन सक्छ। १०-२० वर्षपछि मस्तिष्क, कलेजो, पेट,फोक्सो र क्यान्सर समेत निम्त्याउन सक्छ। तपाईंको बढी भएको तौल ५ देखि १० प्रतिशत घटाउन सक्नुभयो भने मधुमेह,उच्च रक्तचाप जस्ता रोगहरु लाग्ने सम्भावना कम हुन्छ। बैज्ञानिकको कुरालाई मान्ने हो भने एक वर्षमा १० देखि १५ किलो तौल मात्रै घटाउनु पर्ने हुन्छ। एक महिनामा म एक किलो तौल घटाउँछु भन्ने योजनाका साथ लाग्नु भयो भने तौल घटाउन सजिलो हुन्छ र तौल घटाउँदा स्वास्थ्यमा हुने कुनै पनि समस्या देखा पर्दैन।

### कसरी हुन्छ मोटोपन ?

मोटोपना के हो ? यो कसरी हुन्छ ? भन्ने बारेमा पनि बुझ्न जरुरी हुन्छ। हामीले दिनभरी खाएको खानेकुरालाई हामीले खानामा गन्दैनौं तर क्यालोरी अर्थात शरीरमा बोसोको मात्रा बढाउने खानेकुराहरु भने यिनै हुन्। यस्ता खानेकुराहरु भोक नलागे पनि यतिकै खाइन्छ। यस्ता खानेकुरालाई घटाउने हो भने मोटोपना यतिकै घटाउन सकिन्छ।

मानौ कुनै व्यक्तिको तौल ६० किलो छ। ऊ दिनमा ४ पटक खाना खान्छ र दिनमा ३ किलोमिटर हिँड्छ भने उसको तौल ब्यालेन्समा हुन्छ। खानालाई बढाइयो तर व्यायामलाई बढाइएन भने तौल अवश्य बढ्छ। आफ्नो दैनिक क्रियाकलापमा १० देखि १५ प्रतिशत बढाउने र खानामा १० प्रतिशत घटाउने हो भने २० देखि ३० प्रतिशत तौल नियन्त्रण हुन्छ।

### तौल घटाउने अन्य टिप्सः

-साहकारी खानेकुराहरुमा क्यालोरी कम हुन्छ। यस्ता खानाहरुमा फाइवर पाइन्छ जसले तौल नियन्त्रणमा मद्धत गर्छ।
-सलाद, फलफूल, सागपातमा जोड दिनुपर्छ।
- हप्ता या १० दिनमा एक पटक मात्रै मासुजन्य खानेकुराहरु खादा मोटोपन घटाउन सकिन्छ।
-शारीरिक व्यायाममा ध्यान दिनुपर्छ।

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइ दए पछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

# ६५ हजार ५ सय ६७ जना मात्रै सामाजिक सुरक्षा योजनामा सूचीकृत

मिसन न्यूज
काठमाडौं

सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरामा आउन सबै श्रमिकहरुलाई पुनःआह्वान गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले सरकारले घोषणा गरेको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत हुन सबै श्रमिकहरुलाई पुनः आह्वान गरेका हुन् । उनले सरकारको सो अभियानमा साथ दिनपनि सम्बन्धित सबै पक्षलाई आग्रह गरे । सरकारी तथ्याङ्क अनुसार हाल ६५ हजार ५ सय ६७ जना मात्रै सामाजिक सुरक्षा योजनामा सूचिकृत भएका छन । बुधबार ललितपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले श्रमिकलाई न्यूनतम वेतन समेत नदिने कुनै पनि संस्थामाथि सरकारले कारवाही गर्ने चेतावनी पनि दिए। मन्त्री विष्टले सबै सरकारी तथा निजी क्षेत्रमा काम गरिरहेका शिक्षकहरुलाई न्यूनतम पारिश्रमिकको व्यवस्था गर्न पनि सबै विद्यालयहरुलाई सचेत गराए । मन्त्री विष्टले निजी क्षेत्रमा काम गरिरहेका शिक्षकहरुको पनि सामाजिक सुरक्षा योजना अन्तरगत पेन्सनको व्यवस्था गर्ने आश्वासन पनि दिए।



# अमेरिकी प्रतिबन्धपछि पनि हुवावे निकै बलियो

एजेन्सी
शेन्जेन

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ प्रविधि कम्पनी हुवावेलाई अमेरिकी प्रविधि प्रयोग गर्न नदिने चेतावनी दिनुअघि नै सम्भावित खतर लाई विचार गरी हुवावेले प्रविधि अनुसन्धानका कार्यमा लगानी बढाएको छ । अमेरिकी प्रविधिसँगको निर्भरता तोड्ने उद्देश्य सहित हुवावेले गरिरहेको लगानीले अमेरिकी कम्पनीहरुलाई हुवावेसँगको सम्बन्धका बारेमा सोच्न बाध्य बनाएको छ । हुवावेका संस्थापकको भनाईमा कम्पनीले अनेक चुनौतीबीच आफ्ना उत्पादनलाई विश्व बजारमा स्थापित गराउन कुनै कसर बाँकी राखेको छैन ।

अमेरिकीहरुले खासै प्रयोग नगर्ने हुवावे टेक्नोलोजिज लिमिटेड हाल विश्वमै स्मार्टफोन उत्पादनमा दोस्रो स्थानमा छ। टेलिफोन सञ्जाल निर्माणको मुख्य कार्य 'स्विचिड गियर' बनाउन हुवावेले महारथ हासिल गरेको छ। यसका उपकर णहरु विश्वका ५० सवाधिक ठूला टेलिफोन प्रदायकमध्ये ४५ वटाले प्रयोग गरिरहेका छन्। हुवावेले पछिल्लो पुस्ताको टेलिकम अर्थात् ५जी सेवा उपलब्ध गराउन थालिसकेको छ । यसले तिब्र गतिको इन्टरनेट सेवा मात्र नभई चालकविहीन कार समेतका कार्यमा प्रविधि उपलब्ध गराउने योजना अघि सारेको छ । यी कार्यले पश्चिमा राष्ट्रमा सुरक्षा चासो बढाएको छ, र ५जी राजनीतिक रुपमा संवेदनशील विषय बनेको छ। हुवावेलाई अमेरिकी नवीन प्रविधिको पनि खाँचो छ, खासगरी गूगलको एन्ड्रोइड सेवा । तर हुवावेले एन्ड्रोइडको विकल्पमा नयाँ प्रविधि विकास गर्न गत दशकमा ६५ अर्ब अमेरि की डलर खर्च गरेको छ। 'चिनियाँहरु अमेरिकी प्रविधिमाथिको निर्भरता तोड्न चाहन्छन्। उनीहरु कैयौं क्षेत्रमा आत्मनिर्भर भइसके,' स्टकहोमस्थित अनुसन्धान संस्था नर्थ स्ट्रिमका बेन्ट नर्डस्ट्रोमले बताए । हुवावेको बिक्री सन् २०१८ मा १०७ अर्ब डलर रहेको थियो, जसबाट करिब १५ अर्ब डलर अनुसन्धान र विकासका कार्यमा खर्च गरि एको थियो। यो रकम एप्पल वा माइक्रोसफ्टभन्दा बढी हो । हुवावेसँग चीन र सिलिकन भ्याली, रुस, भारतको बैंगलोर तथा अरु औद्योगिक केन्द्रहरुमा गरी करिब ७६ हजार इन्जिनियर र अरु अनुसन्धाताहरु छन्।




# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रतिस्पर्धीहरू पछि हट्नाले काममा उत्साह जाग्नेछ। व्यापारमा राम्रो आम्दानी हुनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। मिहिनेत गर्दा राम्रै उपलब्धि प्राप्त हुनेछ। अध्ययनका सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। आतिथ्यपूर्ण सम्मान र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| वृष : | सुरुमा घरेलु समस्याले काममा अल्झाउन सक्छ। अध्ययनमा पनि त्यति समय दिन नसकिएला। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसर आउनेछन्। प्रतिस्पर्धाको दौडमा सहयात्रीहरूलाई उछिन्न सकिनेछ। कामका बाधाहरू स्वतः हट्नेछन्। |
| मिथुन : | सुरुमा अस्वस्थता र घरेलु समस्याले काममा बाधा हुन सक्छ। आफ्ना कमजोरी बाहिरिनाले अवसरवादीहरू जुर्मुराउनेछन्। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। अध्ययनमा रुचि बढ्नुका साथै जेहेन्दार विद्यार्थीहरूको सपना पूरा हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउन सक्छ। |
| कर्कट : | प्रारम्भमा विभिन्न अवसर प्राप्त हुनेछन् भने पहिलेको नतिजाले पनि उत्साह जगाउनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। मंगलवार र बुधवार भने आफ्नैबाट धोका हुन सक्छ। बेसुरमा दिएको वचनले पनि समस्या निम्त्याउन सक्छ। |
| सिंह : | यो साता मध्यम फलदायी रहनेछ। सुरुमा विवादास्पद जिम्मेवारी आउनाले मानसम्मानमा आघात पर्न सक्छ। आलोचकहरूले पनि दुःख दिन सक्छन्। मंगलवारदेखि सहयोगीहरू जुट्नाले धेरै काम बन्नेछन्। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउन सक्छ। |
| कन्या : | इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्ति हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर जुट्नेछ। सुखद् समाचारले काममा उत्साह जगाउनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउन सक्छ। |
| तुला : | प्रारम्भमा खर्चिलो काम गर्नुपर्ने हुँदा अलि धेरै रकम जोहो गर्नुपर्ला। तापनि पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने कर्मयोगले उचाइमा पुर्‍याउन सक्छ। आफन्तसँगको भेटघाटले आनन्द प्राप्त हुनेछ। अध्ययनले पनि प्रगतिको मार्ग अवलम्बन गर्नेछ। |
| वृश्चिक : | सुरुमा उठ्नुपर्ने रकम हातलागी हुनेछ र आम्दानी बढ्नेछ। तर खर्च समेत बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउन सक्छन्। |
| धनु : | प्रतिष्ठित काम गर्दै कीर्तिमानी हासिल गर्ने समय छ। कर्मयोगले उचाइमा पुर्‍याउनेछ। कामको सन्दर्भमा वरिष्ठ व्यक्तिहरूसँग मित्रता बढ्नेछ। मिहिनेतले कीर्तिमानी समेत दिलाउन सक्छ। बुधवारसम्म राम्रै आम्दानी हुनेछ। |
| मकर : | प्रारम्भमा अरूको हस्तक्षेपले काम रोकिन सक्छ। तापनि दोहोर्‍याएर प्रयत्न गर्दा मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। अध्ययनमा प्रगति हुनेछ भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने अवसर जुट्नेछ। |
| कुम्भ : | प्रारम्भमा परिस्थिति अनुकूल नदेखिए पनि मिहिनेतले बिस्तारै सफलताको खुड्किलो चढ्न सकिनेछ। बुद्धिको उपयोगले चुनौतीहरूलाई पन्छाउन सफल भइनेछ। प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। नयाँ काम तथा सीप सिक्ने अवसर प्राप्त हुनेछ। पुरुषार्थले कीर्तिमानी दिलाउन सक्छ। |
| मीन : | सुरुमा प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। उपहार तथा आतिथ्यपूर्ण सम्मान पाइनेछ। मंगलवार र बुधवार भने शारीरिक तथा मानसिक रूपमा कमजोर भइनेछ। अर्थअभावले कामको योजना रोकिन सक्छ। बिहीवारदेखि स्थितिमा सुधार आउनेछ र भाग्यले साथ दिनेछ। |

## संवेदनशील छ कर्णाली...............................

रूपमा देखिएको मदिरा नियन्त्रणका लागि विशेषखालको योजना कार्यान्वयनमा ल्याउने बताउनुभयो।

**कर्मचारीलाई प्रोत्साहन रकम दिनुपर्ने**
कर्णाली प्रदेश सरकारको प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले कर्णाली विकासको अपेक्षित लक्ष्य पूरा गर्न प्रदेश सरकारले यहाँ कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन रकम दिलाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सरकारले करार कर्मचारीहरुलाई पनि तलब खुवाउन नसकेको आरोप लगाउनुभयो । 'सरकारले काठमाडौं पुगेर कर्मचारी आउ भन्नेभन्दा पनि यहाँका भएका कर्मचारीहरुलाई परिचालन गर्न सक्नुपर्दछ,' नेता शाहीले भन्नुभयो, 'कर्णालीमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन रकमको व्यवस्था गर्नुपर्छ ।' कर्णाली प्रदेशका कारण सङ्घीयता कार्यान्वयनमा समस्या हुन नहुने भन्दै उहाँले संसद्को मानमर्दन हुनेगरी कामगरे सरकार असफल हुने चेतावनी दिनुभयो। कर्णाली प्रदेशसभा नेकपाका प्रमुख सचेतक गुलाबजङ्ग शाहले सल्यान र रुकुम पश्चिमका मावि तहका केन्द्रीय परीक्षा बोर्डको काम दाङबाट भइरहेकाले कर्णाली प्रदेशका विद्यार्थीले ५ नम्बर प्रदेशमा पुगेर सेवा लिने बाध्यता हटाउन सरकारलाई आग्रह गर्नुभयो। सङ्घीयतामा तीनै तहका सरकारले जनतालाई नजिकबाट सङ्घीयताको महसुस हुनेगरी काम गर्न सुझाउनुभयो । बैठकमा नेकपाका सचेतक सीताकुमारी नेपाली, प्रदेशसभा सदस्यहरु चन्द्रबहादुर शाही, पदमबहादुर रोकाया, कुर्मराज शाही, कृष्णा शाह, रातो कामीलगायतले चालू आवलाई परिणाममुखी बनाउन आग्रह गर्नुभएको थियो ।

## नागरिक विपद् बीमा..........................

कार्यक्रमका लागि सरकारले चालु आवमा १ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ। सामूहिक रूपमा गरिने बिमाको प्रिमिएमबापत कर्णाली प्रदेशको कुल जनसंख्या १७ लाख ७० हजार मानेर प्रतिव्यक्ति सात रुपैयाँका दरले हुन आउने रकम आन्तरिक मामिला तथा कानुन मन्त्रालयले बीमा कम्पनीलाई भुक्तानी गर्नेछ। यसैबीच कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले राज्यले प्रदान गर्ने सबै खालका सेवासुविधा हरेक नागरिकले सरल रूपमा प्राप्त गर्नुपर्ने बताएका छन् । उनले सबै कर्णालीवासीका लागि विपद् दुर्घटना बीमा कार्यक्रमको शुभारम्भ गर्दै मुख्यमन्त्री शाहीले राज्यले दिने सबै प्रकारका सेवासुविधा सरलरूपमा जनतासम्म पुऱ्याउनु सरकारको दायित्व भएको बताए । मुख्यमन्त्री शाहीले विपदको उच्च जोखिममा रहेको कर्णालीका नागरिकले हरेक वर्ष ठूलो संख्यामा ज्यान गुमाउनु पर्ने अवस्थालाई हेरेर सरकारले राहतस्वरूप बीमा कार्यक्रम सुरु गरेको बताए। उनले बीमा रकम हेर्दा सानो देखिए पनि यो कार्यक्रमले कर्णालीका नागरिकमा दुःखको बेला सरकार आफ्नो साथमा रहेको अनुभूति गराउने विश्वास व्यक्त गरे । स्वास्थ्य बीमाको प्रभावकारिताका बारेमा जनताका धेरै गुनासा आएको भन्दै मुख्यमन्त्री शाहीले जनगुनासो नआउने गरि यो कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्नसमेत आग्रह गरेका छन् ।

## बालशिक्षा सुधार ........................

बस्न बाध्य छन,' उनले भनिन्, 'खेल मैदान, सिकाइ सामग्री, खानेपानी, शौचालय, दिवा खाजा, तालिमप्राप्त दक्ष सहयोगी कार्यकर्ताको अभावलगायत समस्या केन्द्रले भोग्दै आइरहेका छन्रु।' यस्तो समस्याको अन्य गर्न स्थानिय तह संग समन्वय गरि सेतो गुराँसले सबै स्थानिय तहमा एकिकृत्र प्रराम्भिक बालविकास सिकाई केन्द स्थापनि गर्न लागिरहेको बताइन्। घोषणापत्र तथा प्रतिबद्धता कार्यान्वयनका लागि सबै स्थानीय तहमा प्रमुख संयोजक, प्रमुख प्रशासकीय अधिकृत सदस्य र शिक्षा अधिकृत सदस्य सचिव रहने कार्यदलसमेत बनाइनेछ। विद्यालयको अनुगमनका लागि शिक्षा समितिका अतिरिक्त स्थानीय तहका सबै वडाका अध्यक्षलाई जिम्मेवार बनाई त्रैमासिक रूपमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने र प्रतिवेदनमाथि शिक्षा समितिमा छ। सोही आधारमा स्थानीय तहको शिक्षानीति तयार गरिने छ ।

## न्याय पाउँन कठिन............................

दुष्मनी मोल्नु भनेर मिल्न बाध्य हुन्छन्। जिल्ला न्यायधिवक्ता दिनेशकुमार रेग्मीले जातीय विभेदका मुद्दा आए पनि पीडितहरूले बयान फेरेर अभियुक्तलाई उम्काउने प्रयास गर्ने गरेको बताए। उनका अनुसार यस्ता घटनामा दोषीलाई हदैसम्मको कारबाही माग गर्दै मुद्दा अदालतमा पेश भए पनि अन्त्यमा पीडितले विभिन्न बहानामा मुद्दा फिर्ता लिने गरेका छन्। प्रहरी प्रमुख डीएसपी श्यामबाबु ओलीयाले जातीय विभेदमा पीडितलाई न्यायिक प्रक्रियासम्म पुग्न जाने बुझेकै व्यक्तिबाट अवरोध हुने गरेको बताए । जातीय विभेदका घटनामा कानुनी प्रक्रियाबारे स्थानीयलाई जानकारी दिन आवश्यक रहेको उनको भनाइ छ । दलित अधिकारकर्मी रमेश नेपालीले जातीय विभेद तथा छुवाछुतका घटनामा पहिले मुद्दा दिने र पछि दोषीलाई उम्काउन खोज्नेलाईसमेत कारबाही गर्नुपर्ने तर्क गरे । खाँडाचक्र नगरपालिका-४ का वडाध्यक्ष धनसिंह कामीले आफूले जनप्रतिनिधिबाटै विभेद सहनुपरेको बताए। आफूहरूले उठाएका जातीय विभेदका सवालमा अन्य जातिका जनप्रतिनिधिले वास्ता नगरेको उनको आरोप छ ।

## राजमार्गका दर्जनौं ....................

ऋणको समय सकिने भएकाले अहिले निर्माण कम्पनीहरूले पुल निर्माण कार्यलाई केहि तीव्रताका साथ अगाडि बढाएका छन् । निर्माण जिम्मा लिएका कम्पनीहरूले तिन महिनामा काम नसकाए करोडौं रकम फिर्ता हुने डरले उनीहरूले अहिले कामलाई अगाडि बढाएका हून्। तिन महिनामा काम नसकाएमा ठेक्का तोडिने र निर्माण कम्पनीहरू कालो सूचिमा पर्ने भएका छन्। यही डरले कर्णालीका केही पुल निर्माण कम्पनीहरूले काम अगाडि बढाएका छन् ।

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत